# एक चिहान उपन्यासमा वर्गीय पक्षधरता

Dr. Ajit Khanal
Butwal Multiple Campus, Oxford College, Butwal, Nepal
khanalajit02@gmail.com
Received : Aug 30, Reviewed : Sep 21, Revised : Nov 30, Accepted : Dec 15

**लेखसार**

प्रस्तुत लेखमा हृदयचन्द्रसिंह प्रधानको आख्यानात्मक कृति *एक चिहान* (२०११) उपन्यासको अध्ययन गरिएको छ । *एक चिहान* उपन्यास निम्नवर्गीय किसानका जीवनदशामा आधारित भएर लेखिएको हुनाले यसको अध्ययन-विश्लेषणमा प्रगतिवादी साहित्यिकमान्यतालाई सैद्धान्तिक आधार बनाइएको छ। अध्ययनका क्रममा उपन्यास विधाको परिचयात्मक सङ्केतन गरी प्रगतिवादी उपन्यासयात्राको प्रारम्भ, प्रधानको उपस्थिति र *एक चिहान* उपन्यासको स्थान निर्धारण गरिएको छ । अध्ययनका क्रममा *एक चिहान* उपन्यास लेखनका पृष्ठभूमिको उल्लेख गरी उपन्यासको कथ्यसन्दर्भका आर्थिक, सामाजिक-सांस्कृतिक शोषण सन्दर्भ, ग्रामीण किसानका जीवनदशा, प्रेम, प्रणय र नारी-उत्पीडनका सन्दर्भबाट निम्नवर्गीय पक्षधरताको अध्ययन गरिएको छ । उपन्यासमा उल्लिखित सन्दर्भका माध्यमबाट निम्नवर्गीय पक्षधरता प्रबल रूपमा अभिव्यक्त भएको पुष्टि गरिएको छ । यसबाट *एक चिहान* उपन्यास निम्नवर्गीय पक्षधरता अँगालेर लेखिएको प्रगतिवादी प्रगतिवादी उपन्यास हो भन्ने निष्कर्ष निकालिएको छ । प्रधानले यस कृतिका माध्यमबाट प्रगतिवादी औपन्यासिक धारालाई बलियो आधार प्रदान गर्दै यसलाई गतिशील बनाउने कार्यमा महफ्पूर्ण योगदान दिएको ठहर गरिएको छ।

**बीज शब्दहरू** : वर्गीय पक्षधरता, जीवनदशा, शोषण-उत्पीडन, राष्ट्रिय संस्कृति, प्रेम-प्रणय आदि ।

## विषयपरिचय

*एक चिहान* उपन्यास हृदयचन्द्रसिंह प्रधानले लेखेका हुन् । समालोचना र साहित्य सिर्जनाका क्षेत्रमा परिचित प्रधानले उपन्यास विधामा उल्लेख्य योगदान दिएका छन् । उपन्यासकार प्रधानले *एक चिहान* उपन्यासमा काठमाडौँको २०१०-११ सालतिरको ग्रामीण जनजीवन तथा किसानका जीवनदशा, सामन्तवादी शोषण-उत्पीडन र निम्नवर्गीय किसानका सङ्घर्ष, हार्दिक-आत्मिक प्रेम-प्रणय तथा राष्ट्रवादी चिन्तनजस्ता विषय संयोजन गरिएको छ । यसर्थ *एक चिहान* उपन्यास प्रगतिवादी साहित्य-सिद्धान्तका आधारमा अध्ययन-विश्लेषण गर्न उपयुक्त हुने ठहर गरिएको हो । यस लेखमा प्रधानद्वारा लिखित *एक चिहान* उपन्यासमा प्रयुक्त कथ्यका विभिन्न सन्दर्भमा अभिव्यक्त वर्गीय पक्षधरताको मात्र अध्ययन गर्ने उद्देश्य लिइएको छ । उपन्यास आख्यानमूलक गद्य-रचना हो । उपन्यास विधालाई बहुविध संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परस्परमा शृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिवेशभरिको समय र स्थानभित्र विस्तारित भएको कला-सौन्दर्ययुक्त कथात्मक गद्यका रूपमा चिनाएको पाइन्छ (श्रेष्ठ, २०४० : ९७) । यसैगरी सम्पूर्ण मानवजीवन र मानवसमाज नै उपन्यासको परिधिभित्र अटाउन सक्ने मानिन्छ (दाहाल, २०५५ : १४३) । यसबाट उपन्यास गद्यमा रचिएको विस्तृत कहानीयुक्त साहित्यक रचना हो भन्ने हुन्छ। उपन्यासले समाजका पात्र वा चरित्रका मानसिकताको उद्घाटन र इतिहासचेतनाको यथार्थ प्रस्तुत गर्दछ । उपन्यासमा समाज र समाजका अनेकन विषय तथा चिन्तन वर्ण्यविषयका रूपमा आउन सक्छन् । साथै, यसमा मानवीय मूल्य-सम्बन्ध, आर्थिक असमानता र वर्गभेदको चित्रण, सांस्कृतिक र राजनैतिक चेतनाको स्वरूप र स्तर आदिको कलापूर्ण अभिव्यक्ति उपन्यासमा पाइन्छ। त्यसैले उपन्यासमा सामाजिक जीवन-यथार्थको प्रतिबिम्ब हेर्न सकिने हुन्छ । यसमा सामाजिक यथार्थको व्यपकता भित्र जीवनका द्वन्द्व र सङ्घर्षका अनेक रूपहरू प्रस्तुत भएका हुन्छन् । उपन्यासले प्रधानतः मनुष्यको यही बाह्ययथार्थलाई आधार मानेर पूर्ण

इमानदारिताका साथ चित्रण गर्ने प्रयास गरेको हुन्छ । जबसम्म समाजबाट वर्गवैषम्य तथा सामाजिक र आर्थिक असमानता समाप्त हुँदैन, बुर्जुवा मनोवृत्ति तथा पुँजीवादी प्रभावको महत्ता टुङ्गिदैन अनि समाज पूर्णरूपेण प्रगतिशील हुँदैन तबसम्म सर्वश्रेष्ठ उपन्यास लेखिन सम्भवतः असम्भव देखिन्छ । उपन्यासमा वर्णित वर्गसङ्घर्ष वास्तवमा दासता, शोषण र सम्पूर्ण शक्तिको केन्द्रीकरण गर्ने सिद्धान्तको विरुद्ध जनताको सङ्घर्ष हो भन्ने बुझिन्छ। यो सङ्घर्ष व्यापक अर्थमा धार्मिक रूढी, निर्दयता, अन्याय-अत्याचार र शोषणका विरुद्ध गरिने सङ्घर्षको प्रतीक पनि हो (दाहाल, २०५५ : १४४)। यसबाट उपन्यासको विषयवस्तु वास्तविक, सामान्य, देखे-भोगेका घटनामा आधारित तर व्यापक, विस्तारित किसिमको हुनुपर्ने बुझिन्छ । हृदयचन्द्रसिंह प्रधान नेपाली साहित्यसिर्जना र समालोचनालाई प्रगतिवादी मोडतर्फ लैजाने अग्रणि व्यक्ति भएकाले उनको साहित्यिक चिन्तनधारा र उपन्यासकारिताका बारेमा प्रयाप्त अध्ययन भएको छ। प्रधानको सिर्जनात्मक तथा समालोचनात्मक चिन्तन धाराका बारेमा ऋषिराज बरालले *साहित्य र समाज* मा चर्चा गरेका छन्। यसमा बरालले "हृदयचन्द्रसिंह प्रधानको औपन्यासिकता : वैचारिक अभिरेखाङ्कन"र "प्रगतिवादी नेपाली उपन्यासमा किसान नायकको खोजी" शीर्षकमा हृदयचन्द्रसिंह प्रधान र उनको उपन्यासकारिता *एक चिहान* उपन्यासको सन्दर्भ यस लेखका प्रसङ्गमा महफ्वपूर्ण पूर्वकार्य हो । यसमा प्रधानको सौन्दर्यचिन्तनको केन्द्रीय आधार प्रगतिवादी मानवतावाद रहेको र उनले साहित्य सिर्जनाका निम्ति आफूले देखेभोगेको समाजलाई विषय बनाएको उल्लेख गरिएको छ। प्रधानको उपन्यासकारिता मूलतः समाजकेन्द्रित रहेको र प्रगतिवादलाई सर्वापेक्षा वाञ्छनीय वाद हो भन्ने मान्यता राखेको पाइन्छ। प्रधान नेपाली साहित्यमा २००७ सालअघि समाज र साहित्यको सम्बन्धको मूल्यबोध गर्ने पहिला चिन्तक हुन् र उनका लेखनको केन्द्रमा नेपाली समाजका शोषित अवस्थामा रहेका महिला तथा किसानहरूलाई अध्ययनको विषयवस्तु बनाएका हुनाले उनी उपन्यासका माध्यमबाट वर्गसङ्घर्षको पहिलो उद्‌बोधक र नारीमुक्तिका प्रथम अन्वेषक हुन् (बराल, २०६४ : १५४-५७)। यसरी प्रधानले तत्कालीन नेपाली समाजको वर्गीय अवस्थाको चित्रण गर्ने पहिलो प्रगतिवादी नेपाली उपन्यासकार हुन् भन्ने स्पष्ट हुन्छ। यसबाट हृदयचन्द्रसिंह प्रधान र *एक चिहान* उपन्यासले प्रगतिवादी मान्यतालाई अँगालेको प्रसङ्ग उल्लेख भए तापनि *एक चिहान* उपन्यासभित्र वर्गीय पक्षधरता के-कसरी र कुन रूपमा प्रस्तुत भएको छ भन्ने विश्लेषण नभएकाले प्रस्तुत लेखमा यही प्राज्ञिक रिक्तताको परिपूर्ति गरिएको छ।

आख्यान विधाका कृतिलाई विभिन्न सिद्धान्त, प्रणाली एवम् कोणबाट अध्ययन विश्लेषण गर्न सकिन्छ। प्रस्तुत लेखमा *एक चिहान* उपन्यासको वर्गीय पक्षधरताका कोणबाट अध्ययन-विश्लेषण गरिएको छ। उपन्यासमा समेटिएका विषयगत, पात्रगत, परिवेशगत, विचारधारागत, भूगोल, राजनीति आदि विषयले नै समाजको सग्लो चित्र खिचेको हुन्छ। यस उपन्यासमा नेपाली समाजका के कस्ता पक्षहरू समेटिएका छन्, कुनकुन पक्षका माध्यमबाट कृतिमा वर्गीय पक्षधरता अभिव्यक्त भएको छ र के कसरी वर्गीय पक्षधरता अभिव्यक्त भएको छ भन्ने प्राज्ञिक जिज्ञासा प्रस्तुत अध्ययनको मुख्य समस्या हो । जिज्ञासा निरुपणका निम्ति उपन्यासमा समेटिएका ग्रामीण जनजीवन तथा किसानका जीवनदशा, सामाजिक-आर्थिक शोषण, प्रेम-प्रणय तथा नारी उत्पीडनजस्ता विषयसन्दर्भहरूको अध्ययनका क्रममा उपन्यासमा अभिव्यक्त वर्गीय पक्षधरताको विश्लेषण गरिएको छ।

**अध्ययन विधि तथा सैद्धान्तिक अवधारणा**

प्रस्तुत लेखका निम्ति सामग्री सङ्कलन पहिलो महफ्वपूर्ण कार्य हो। यसका निम्ति प्राथमिक सामग्रीका रूपमा *एक चिहान* उपन्यास, द्वितीयक सामग्रीका रूपमा मार्क्सवादी साहित्यसिद्धान्त तथा उपन्याससँग सम्बन्धित सैद्धान्तिक एवम् समालोचनात्मक कृतिहरू रहेका छन् । यी सबै सामग्री सङ्कलनका निम्ति मुख्य रूपमा पुस्तकालय स्रोतको उपयोग गरिएको छ । प्रस्तुत लेख साहित्यसँग सम्बन्धित भएकाले गुणात्मक ढाँचामा आधारित रहेको छ। यसमा विश्लेष्य *एक चिहान* उपन्यासलाई मूल सामग्री मानी त्यसमा पाइने पाठगत साक्ष्यका आधारमा विश्लेषण गर्दै समस्याको समाधान

खोजिएको छ।

प्रस्तुत *एक बिहान* उपन्यासमा वर्गीय पक्षधरता सम्बन्धित प्राज्ञिक जिज्ञासा निरुपणका लागि कृतिको अध्ययन तथा विश्लेषण गर्न प्रगतिवादी साहित्य सिद्धान्तका स्थापित मान्यतालाई आधार बनाइएको छ। मार्क्सवादी कलासाहित्य लेखक-कलाकारका मस्तिष्कमा जनजीवनले पारेका छापका उपज हुन् भने कलासाहित्यका निम्ति सामाजिक जनजीवन कच्चा पदार्थका खानी हुन् र कलासाहित्यले शोषित-उत्पीडित जनताको सेवा गर्नुपर्छ भन्ने मान्दछ (माओ, २०४० : ८०-८४) । यथार्थवादी कला-साहित्य विशिष्ट परिस्थितिमा विशिष्ट पात्रहरूको तथ्यपरक पुनःउत्पादन हो (मार्क्स र एङ्गेल्स, २०६३ : १७) । यसैगरी साहित्य सिर्जनामा मुख्य कुरा लेखकले कसका पक्षमा किन लेख्ने भन्ने सवाल महफ्वपूर्ण हुन्छ, यसले नै साहित्यसिर्जनालाई मार्गनिर्देश गर्दछ (फास्ट, २०५६ : ४)। यी कथनमा प्रगतिवादी / यथार्थवादी साहित्यको विषयवस्तु, पात्रको प्रारूपीकरण, कलात्मक प्रतिबिम्बन र वैचारिक प्रतिबद्धतामा जोड दिइएको छ । यसबाट प्रगतिवादी कला साहित्यको प्रयोजन, लेखकीय उद्देश्य र वैचारिक पक्षधरता स्पष्ट हुन्छ । मार्क्सवादले साहित्यलाई सामाजिक आधारको प्रभावबाट अलग रहन नसक्ने अधिरचना मान्दछ। मार्क्सएङ्गेल्स, लेनिन, माओ आदिले यसै सैद्धान्तिक मान्यतामा आधारित कलासाहित्यमा वर्गीय पक्षधरताका सवाललाई स्पष्टसँग अगाडि सारेका छन् । लेनिनले वर्गीय समाजमा अवर्गीय साहित्य हुनै नसक्ने भन्दै सर्वहारा पक्षधर साहित्य समाजवादका विचार र श्रमजीवीप्रतिको संवेदनाबाट सिर्जित हुन्छ र यसले लाखौं-करोडौं श्रमजीवीको सेवा गर्नुपर्ने बताएका छन्। कलासाहित्य मानव स्वभाव र सामाजिक उत्पादन भएकाले वर्गीय पक्षधरता स्वाभाविक र अनिवार्य आउने तर्क गरेका छन् (पाण्डेय, २०५६ : ३१) । यसरी वर्गीय समाजका सबै विषय वर्गीय पक्षधरता युक्त हुन्छन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ । मार्क्सवादी सौन्दर्यशास्त्रले वर्गसमाजमा सौन्दर्य तथा कला वर्गीय हुने र वर्गीय पक्षधरताको मान्यतालाई दृढतापूर्वक अङ्गीकार गर्दै यो सर्वहारा वर्ग र उत्पीडित जनसमुदायप्रति प्रतिबद्ध रहन्छ भनेको छ (चैतन्य, २०६९ : ३३)। यसबाट सौन्दर्यबोध र सौन्दर्य सिर्जना मानवीय श्रम र सामाजिक चेतनाको प्रकाशले प्रकाशित हुने र यो सदैव श्रमजीवी सर्वहारावर्गको हितप्रति प्रतिबद्ध हुने प्रष्ट हुन्छ । यसबाट प्रगतिवादी साहित्य सामाजिक जीवनका यथार्थ चित्रण गर्दा सिर्जना हुन्छ भन्ने बोध हुन्छ। सामाजिक जीवनको यथार्थ भन्नु समाजभित्र हुने शोषण, दमन, अन्याय, अत्याचार र तिनका विरुद्धका गतिविधिका विविध रूपहरू हुन् । यसरी प्रगतिवादी साहित्यको रचना गर्दा सामाजिक जीवनमा केन्द्रित हुनु आवश्यक हुने र सर्वसाधारणका जनजीवनलाई मुख्य आधार बनाइनु पर्ने निष्कर्षमा पुगिन्छ। *एक बिहान* उपन्यासमा सामाजिक आधारको प्रभावका रूपमा देखिने वर्गीय उपस्थिति र लेखक स्वयम् उक्त वर्गीय समाजको सदस्य भएकाले कृतिमा वर्गीय पक्षधरता आउनु स्वाभाविक हुन्छ। यसर्थ *एक बिहान* उपन्यासमा अभिव्यक्त वर्गीय पक्षधरताको अध्ययन-विश्लेषणका लागि मार्क्सवादी साहित्यसिद्धान्तलाई मुख्य आधार मानिएको छ।

**नेपाली उपन्यास-यात्रामा *एक बिहान* उपन्यास**

नेपाली उपन्यासको उद्‌भव र विकासको इतिहास खोतल्दा शाहवंशको प्रारम्भ भएपछि मात्र लामा आख्यानहरू लिपिबद्ध हुन थालेको पाइन्छ। नेपाली उपन्यासको इतिहास शक्तिबल्लभ अर्ज्यालको *महाभारत विराटपर्व* (१८२७)बाट आरम्भ भएको मानिन्छ । *वीरसिक्का*(१९४६)सम्म संस्कृतकै प्रभावबाट नेपालीमा लामा कथाहरू लेखिएको पाइन्छ । दरबारिया परिवेशमा मौलाउँदै गएको उर्दू-फारसी प्रभाव नेपाली ग्द खासगरी जासुसी-तिलस्मी उपन्यासलेखनमा पनि परेको पाइन्छ । गिरीषबल्लभको *वीरचरित्र* (१९६०) आदिले यसै आधारलाई स्पष्ट गर्दछ। देशमा विद्यमान निरङ्कुश शासनप्रणाली, परिवेशप्रतिको सतर्कताका साथमा विकसित वौद्धिक चेतनाका कारण नवीन संस्कृतिक जागरणको आकाङ्क्षा बोकेर *शारदा* (१९९१) पत्रिकाको प्रकाशनले गद्यलेखनमा आधुनिकतालाई भित्र्याएको पाइन्छ । त्यस समयमा मध्यमवर्गीय जनजागरण जुन सामाजिक आकाङ्क्षामा आबद्ध थियो, त्यसकै पृष्ठभूमिमा *रूपमती*ले उपन्यास विधामा नयाँ

अध्याय सुरू गरेको पाइन्छ (शर्मा र श्रेष्ठ, २०४० : १०१-१०२) । *रूपमती*ले आरम्भ गरेको आधुनिक नेपाली उपन्यास यात्रामा रूपनारायण सिंह लगायतका उपन्यसकारहरूले आदर्शोन्मुख यथार्थमा आधारित सामाजिक र ऐतिहासिक उपन्यासहरू लेखेर योगदान दिएको पाइन्छ । यस यात्रालाई लैनसिंह बाङ्देलले *मुलुक बाहिर* (२००४)उपन्यास लेखेर नयाँ मोड दिएका छन् । यसपछि नेपाली समाजको यथार्थ निरीक्षण गर्ने प्रक्रियालाई समृद्ध पार्ने काममा अच्छाराई रसिक, डायमनशमसेर, हृदयचन्द्रसिंह प्रधान, मोहनबहादुर सिंह, लीलबहादुर क्षेत्री लगायतका धेरै उपन्यासकारहरूले योगदान दिएका छन् (शर्मा र श्रेष्ठ, २०४० : १०९-११०)। यसरी नेपाली आख्यानयात्रामा हृदयचन्द्रसिंह प्रधान उपस्थित भएको पाइन्छ ।

नेपाली उपन्यासको विकास-यात्रामा वर्गीय चेतना र वर्गीय पक्षधरतायुक्त उपन्यास लेखनको अभ्यास प्रजातन्त्रको उदय पश्चात् मात्र भएको इतिहासले देखाउँछ । आधुनिक नेपाली उपन्यासको विकासमा लैनसिंह बाङ्देलका नेतृत्वमा आरम्भ भएको सामाजिक यथार्थवादी धारको विकास, नेपाल कम्युनिष्ट पार्टी (२००६) को स्थापना र २००७ सालमा प्रजातन्त्रको स्थापनाका निम्ति भएको क्रान्ति र त्यसले ल्याएको राजनीतिक जागरणको भूमिका महत्त्वपूर्ण रहेको छ । प्रजातन्त्रको स्थापनापछि बौद्धिक वर्गमा पर्न गएको प्रभावले प्रगतिवादी चेतना प्रभावकारी भएको पाइन्छ । प्रगतिवादी चेतनाको यही आलोकमा हृदयचन्द्रसिंह प्रधान रचित *स्वास्नी मान्छे*! (२००८) उपन्यासबाट आधुनिक नेपाली उपन्यासमा प्रगतिवादी धाराको आरम्भ भएको मानिन्छ (अधिकारी, २०६९ : २१२)।

यसरी आधुनिक नेपाली उपन्यासको विकासयात्रामा प्रगतिवादी धारा प्रारम्भ भएको पाइन्छ । यसपछि प्रगतिवादी नेपाली साहित्यको दोस्रो चरणको पूर्वाद्धमा हृदयचन्द्र सिंह प्रधानको *एक चिहान* (२०१७)उपन्यास प्रकाशन भएको पाइन्छ । यस कृतिमा निम्नवर्गीय किसान परिवारका समस्या, उनीहरूमा विकसित हुँदै गएको वैचारिक सचेतना र विद्रोही मनोभावनाको चित्रणका साथै निम्नवर्गीय किसान पात्रलाई नायकत्व प्रदान गरी प्रस्तुत गरिएको छ । यसकारण यो उपन्यास वर्गीय पक्षधरता अँगालिएको उपन्यास हो भन्ने आधार मिल्दछ । प्रगतिवादी उपन्यास लेखनको दोस्रो चरणको प्रारम्भमा नै मार्क्सवादी साहित्यिक मूल्य मान्यतालाई आत्मसात गरी लेखिएका वर्गीय पक्षधरतायुक्त कृतिहरूको सूचीमा *एक चिहान* उपन्यास एउटा महफ्वपूर्ण उपलब्धिका रूपमा प्राप्त भएको मानिन्छ । उनका उपन्यासमाहरूमा आधारभूत रूपले आर्थिक शोषण र वर्गीय चेतना, रुग्ण तथा रूढिग्रस्त विकृत संस्कृतिविरुद्ध नवीन संस्कृतिको चेतना र सामन्तवाद तथा विस्तारवाद विरोधी राजनीतिक चेतनाको उद्बोधन पाइन्छ । यसभित्र मूलतः महिलामाथिका शोषण र यस विरुद्धको चेतना, रूढिग्रस्त कुसंस्कार विरोधी चेतना, प्रेम-प्रणयसम्बन्धी नवचेतनाका साथ राष्ट्रवादी चेतना र निम्नर्गीय नैतिकताजस्ता प्रवृत्तिहरू पाइन्छ (बराल, २०६४ : १६१) । यिनै तथ्यहरूबाट हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा वर्गीय पक्षधरता र प्रगतिवादी चेतनाको अध्ययन महफ्वपूर्ण मानिएको छ।

**_एक चिहान_ उपन्यास लेखनको पृष्ठभूमि**

साहित्यिक कृतिको अध्ययन-विश्लेषणका निम्ति वैयक्तिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पृष्ठभूमिको अध्ययन महफ्वपूर्ण हुन्छ । विश्लेष्य कृति कुन सामाजिक, आर्थिक र राजनीतिक परिस्थितिमा लेखिएको छ र ती यथार्थलाई लेखकले कुन हदसम्म कसरी प्रतिबिम्बित गरेको छ भन्ने पहिल्याउनु आवश्यक हुन्छ (ज्ञवाली, २०७१ : ३५९) । *एक चिहान* उपन्यास २०१७ सालमा प्रकाशित भएको मानिन्छ । यस उपन्यासको लेखन-प्रकाशनपूर्व स्वदेश तथा विदेशमा भएका राजनीतिक तथा सामाजिक घटनाको प्रभाव उपन्यासकार प्रधानमा परेको पाइन्छ । नेपाल कम्युनिष्ट पार्टीको स्थापना, राणा शासनको विस्थापन र प्रजातान्त्रिक व्यवस्थाको प्रारम्भजस्ता घटनाले जनमानसमा उत्साह जागेको पाइन्छ । सोही समयमा भाइ कृष्णचन्द्रसिंह प्रधानले *भर्याङ्नेरै* (२००८)को भूमिकामा पहिलो पटक प्रगतिवादी साहित्यसिद्धान्तका आधारभूत मूल्यमान्यताको अध्ययन प्रस्तुत गरेको पाइन्छ (खनाल, २०८० : ६)। यसै समयमा नेपाल, भारत, चीन, रुसजस्ता

देशहरूमा भएका सामन्तवाद विरोधी आन्दोलनहरूले पनि परिवर्तनको चेतनालाई जागृत बनाएको पाइन्छ । यी सबै विषय-परिवेशको प्रभाव प्रधानमा पर्नु स्वभाविक देखिन्छ । नेपालभित्र पनि किसान र सामन्तहरूका बिचमा सङ्घर्षपूर्ण घटनाहरू देखिएका अवस्थामा *एक चिहान* उपन्यास लेखिनु अर्थपूर्ण मानिन्छ । राणाशासन विरोधी चेतना, नेपाली साहित्य-सिर्जनामा विकसित प्रगतिवादी धाराको विकास, आधुनिक नेपाली उपन्यासमा यथार्थवादी धाराको विकास, स्वदेश तथा विदेशमा चलेका आन्दोलन आदिको प्रभाव र तत्कालीन नेपाली समाजमा मौलाएको सामाजिक अन्धविश्वास, कुरीति, कुप्रथा, शोषणजस्ता कार्यहरूले उत्पन्न गरेको विद्रोही भावनाको अभिव्यक्ति स्वरूप प्रधानले *स्वास्नी मान्छे* (२०११) उपन्यास लेखेर आलोचनात्मक यथार्थवादी धाराको स्थापना गरे । यस प्रवृत्ति र प्रभावलाई निरन्तरता दिनेगरी दोस्रो उपन्यास *एक चिहान* (२०१७) लेखेर आलोचनात्मक यथार्थवादलाई समृद्ध बनाएको पाइन्छ । यसरी नेपाली उपन्यासमा सामाजिक यथार्थवादभित्रबाट छुट्टै पहिचान खोजिरहेको समाजवादी यथार्थवादको बीजका रूपमा आलोचनात्मक यथार्थवादी धारा अगाडि बढेको स्पष्ट पाइन्छ त्यसैले *एक चिहान* उपन्यासका माध्यमबाट प्रधानले आलोचनात्मक यथार्थवादको सबलीकरण गर्दै नेपाली उपन्यासलाई प्रगतिवादतर्फ उन्मुख गराउन महत्वपूर्ण भूमिका खेलेको तथ्य स्पष्ट हुन्छ।

**आर्थिक, सामाजिक-सांस्कृतिक शोषण सन्दर्भ**

*एक चिहान* उपन्यासमा उपन्यासकार प्रधानले तत्कालीन नेपाली सामाजिक जीवनमा विद्यमान शोषण-उत्पीडनको चित्रणमा ध्यान केन्द्रित गरेका छन् । समाज, सामाजिक परिवर्तन, शोषणमुक्तिको चिन्ता र चिन्तन हृदयचन्द्रसिंह प्रधानको औपन्यासिक कलाचिन्तनको सार हो (बराल, २०६४:१६१) । बरालको यस मूल्याङ्कनलाई *एक चिहान* उपन्यासका घटना-प्रसङ्गले पनि पुष्टि गर्दछन् । यस उपन्यासको आरम्भमा नै उपन्यासकारले यसको स्पष्ट सङ्केत गर्दै गरिबीले आक्रान्त अष्टनारानको परिवारको जीवनदशा बिरामी भएर सुतिरहेका अष्टनारानले आफ्ना छोराछोरीसँग व्यक्त गरेका यी भनाइबाट स्पष्ट हुन्छ- "मैले तिमीहरूलाई केवल जन्माएँ, तिमीहरूको गासबासको केही बन्दोबस्त गर्न सकिनँ । जिन्दगीभर पूजा प्रार्थना गराएर भगवानले मेरो केही सुनिदिएन । बाबु हो, तिमीहरूकी आमा यो बुढिया र एक्ली बहिनीलाई अन्यथा नगर । जस्तै दु:ख सहेर पनि यी अबलालाई खुवाइराख । यिनीहरूका आँखामा कहिल्यै आँसु हेर्ने काम नगर (५)।" यस कथनमा आएको पहिलो वाक्यले अष्टनारानको परिवारको आर्थिक अवस्था झल्काउँछ । अवस्था सुधारका निम्ति ईश्वरको पूजा र पुकारा गरेर पनि निरर्थक भएको बताएर ईश्वरपूजाले सबैथोक प्राप्त हुन्छ भन्ने अध्यात्मवादीहरूको धारणा खण्डन गरेको देखाइएको छ । यसैगरी तेस्रो-चौथो वाक्यले नारीप्रति समाजको दृष्टिकोण प्रस्तुत गरेका छन् । नारीहरू अधिकारविहीन भएका र उनीहरू अवलाका रूपमा बाँच्नुपरेको तथ्य उजागर गरिएको छ । त्यसैले समालोचकहरू *एक चिहान* उपन्यासलाई ग्रामीण किसान जीवनको आदर्श चित्रण र अन्धविश्वास तथा कुरीतिको विरुद्ध विद्रोह ओकल्ने कृतिका रूपमा चर्चा गरेको पाइन्छ ।

अष्टनारानले आफ्नो अन्त्येष्टिका निम्ति आफै व्यवस्थापन गरेको बताउँदै आफूले अरु केही गर्न नसके पनि गएको दुई वर्षदेखि दुई पैसा, चार पैसा जति सक्यो केहीकेही पैसाका दरले दिनहुँ जम्मा गरी पच्चिस रुपियाँ गरी छिँडीमा ढिकीनेर उत्तर भित्तातिर खाल्टो खनेर गाडिराखेको र उक्त रकम आफ्नो मृत्युपछि काजक्रिया गरिदिन र त्यसभन्दा बढ्ता खर्च ऋण लिने काम नगर्न सम्झाउँछन् (ऐ. ५) । उपचारका क्रममा डाक्टर बोलाउने सन्दर्भमा अष्टनारानले गरिबका निम्ति थोरै पनि धेरै हुने, भोकले मर्न लागेका गरिबका लागि दुई पैसा पनि थोरै नहुने र डाक्टरी औषधि गर्नु भनेको गरिबका निम्ति ठट्टाको कुरा नभएको भनेका छन्(ऐ. १७) । यी कथनबाट अष्टनारानका परिवारको गरिबी अवस्था स्पष्ट भएको छ । गरिब किसानको परिवारमा सम्पूर्ण सदस्यहरूले रातदिन परिश्रम गरेर पनि दुई छाक खाना, नाङ्गो शरीर ढाक्ने नाना र बिरामी अवस्थामा उपचार जुटाउन नसक्ने अवस्थामा रहनुका पछाडि आर्थिक-

सामाजिक शोषण नै मुख्य कारकका रूपमा रहेको र सोही कारणले गर्दा जीवनस्तर माथि उठ्न नसकेको देखाइएको छ ।

*एक चिहान* उपन्यासमा नेपाली समाजमा विद्यमान शोषण र कुरीतिको यथार्थ चित्र प्रस्तुत गरिएको छ । यस उपन्यासमा समाजका उच्चवर्गीय निश्चित व्यक्ति वा परिवारका हातमा सम्पत्ति थुप्रिदै जानाले शोषण तथा दमन बढ्न गई धनी झनझन धनी र गरिब झनझन गरिब बन्दै गइरहेका स्थिति देखाइएको छ । उपन्यासमा यस प्रवृत्तिलाई सुरमान र गोदत्तप्रसादजस्ता पात्रहरूका माध्यमबाट देखाइएको छ । उपन्यासमा यी दुवैथरी पात्रका विरुद्ध सङ्घर्ष गर्नुपर्ने आवश्यकतामा जोड दिइएको छ।समाजमा शोषणका कारणले मध्यमवर्गीय किसान कसरी गरिबमा र गरिब किसान कसरी भूमिहीन किसानमा परिणत हुँदै गइरहेका छन् भन्ने तथ्यलाई उपन्यासमा प्रस्तुत गरिएको छ । उपन्यासकारले गरिबीलाई शोषणको माध्यम बनाएर सम्पन्न र टाठाबाठाले निम्नवर्गीय जनतालाई घेराबन्दीमा पार्न खोजिरहेका छन् भन्ने कुरा बुझ्न थालेको कुरालाई अष्टनारान र शिवनारानजस्ता पात्रका माध्यमबाट देखाइएको छ ।

अष्टनारान यस उपन्यासका पूर्वार्द्धका मुख्य पात्र हुन् र उपन्यासकारका मुखपात्र पनि हुन्, उनले आफ्ना छोराहरूलाई सम्झाउँदै भनेका छन्- "बाबु हो । ऋण लिने काम एउटा कहिल्यै नगर । यो मेरो तिमीहरूलाई आखिरी अर्ती हो । ऋणले कहिल्यै भलो हुँदैन । मलाई याद छ, बाजेको पालामा हाम्रो जम्मा १२ रोपनी खेत थियो । बाको पालामा ६ रोपनी भयो । मेरो पालामा ३ रोपनी हुन आइसक्यो । ऋण लिने काम गरेपछि त्यो पनि खत्तम हुन आउँछ (एक चिहान २८)" । यसरी देशको राज्यव्यवस्था र आर्थिक प्रणाली किसानमुखी नभएपछि र किसानहरूका निम्ति सस्तो सहुलियत रूपमा ऋणको व्यवस्था गर्न नसकेपछि गरिब किसानहरू चर्को ब्याजका कारण क्रमशः गरिबीको दलदलमा भासिँदै जानु स्वभाविक हो भन्ने देखाइएको छ । यस किसिमको परिपाटीले समाजमा क्रमशः भूमिहीनहरू जन्मिदै जान्छन् भन्ने देखाइएको छ । साहु महाजनका कारिन्दाहरू जो निम्नवर्गीय नै भए पनि गरिब किसानहरूलाई हेप्ने र ठग्ने वातावरण निर्माणमा लागिरहेका सन्दर्भबाट वर्गीय जागरण र चेतनाको विस्तार आवश्यक छ भन्ने तथ्यलाई पनि सुरमान सुब्बाको कारिन्दा रामबहादुरका व्यवहारबाट स्पष्ट पारिएको छ ।

उपन्यासमा अष्टनारानको निधनपछि जेठो छोरा शिवनारानको नेतृत्वमा विस्तारै काममा फर्किएको परिवारलाई ऋणको भासमा डुबाउन र तरुनी छोरी नानीथकुँलाई हातपार्ने षड्यन्त्र गर्दै देसी तानको कुरा लिएर गएको रामबहादुरसँग भएको नोकझोँकले सबै उदाङ्गो पारिदिएको छ । अष्टनारानकी श्रीमती लतमायालाई फुस्ल्याउन रामबहादुर सफल हुनेजस्तो देखिए पनि शिवनारानसँगको भेटबाट भने यो सम्भावना टरेर गएको देखाइएको छ । किसान परिवारलाई हेप्ने र जसो भन्यो त्यसै गराउन सकिन्छ भन्ने रामबहादुरसँग शिवनारान यसरी प्रतिवाद गरेको देखाइएको छ-

> अलि मुख सम्हालेर बोल्न सिक्नुहोस्, रामबहादुरजी । किसानमाथि व्यङ्ग्य हानेर उपेक्षा नगर्नुहोला, ...एकचोटिलाई मैले क्षमा गरेको छु । किसान अरू थोक केही नभए तापनि तपाईंको अन्नदाता हो, आफ्नो पसिना बगाएर समाज र देशलाई पाल्ने र रगत दिएर संसारलाई जिन्दगी दिइरहने एउटा त्यागी र तपस्वी जाति हो । ...पसिनाको परिश्रम र बलिदानको नातामा संसारमा सबभन्दा ठूलो किसान हो, जसलाई तपाईं ईश्वर भन्न चाहनुहुन्छ कि परमेश्वर अथवा जे भन्नोस् (९२-९३) ।

शिवनारानको यस भनाइले शोषक-सामन्तको प्रतिवादका साथै किसानहरूमा आएको चेतना र जागरणको स्तरलाई समेत उद्घोष गरेको छ । यसमा किसानको परिश्रम, पसिना र उनीहरूले समाजलाई दिएको योगदानको मूल्यबोधलाई स्पष्ट पार्दै भगवान वा परमेश्वर भनेकै किसान हुन् भनिएको छ । यसबाट निम्नवर्गीय किसान तथा श्रमजीविहरूप्रतिको दृष्टिकोण स्पष्ट भएको छ ।

*एक चिहान* उपन्यासले नेपाली समाजमा व्याप्त रहेको आर्थिक सामाजिक असमानताको चित्रण गर्दै सम्पन्नले विपन्न वर्गलाई हेप्ने, गरिबलाई सहयोग गरेको बाहानामा आफ्नो स्वार्थ पूरा गर्न तल्लीन रहेका कारण निम्नवर्गीय जनता

झनझन समस्यामा फस्दै गएको देखाइएको छ । उपन्यासमा साहु सुरमान सुब्बा र डाक्टर गोदत्तप्रसाद जस्ता शोषक-सामन्त तथा दुष्ट मतिका पात्रहरूका कारण सिधा-सोझा गरिब-किसानहरू समस्यामा परेका, धनीमानीहरूले ऋण दिएर चर्को ब्याज लिने तथा छोरीचेलीमाथि आँखा लगाउने गरेको यथार्थतालाई प्रस्तुत गरिएको छ । उपन्यासबाट समाजमा उच्चवर्गबाट निम्नवर्गमाथि गरिएका यस्ता व्यवहारले समाजमा सङ्घर्षको वातावरण बन्दै गएको, गरिब दुःखीले यस विरुद्ध सचेत भई सङ्घर्ष गर्नुपर्ने अवस्था आएको, मानवीय स्वाभिमान र अस्तित्वको रक्षाका लागि शोषण विरुद्ध सङ्घर्ष गर्दै सामाजिक न्याय र समानताका लागि एकताबद्ध भई लड्नुपर्ने सन्देश प्रवाहित भएको छ । श्रमजीवि वर्ग नै समाजमा सबैभन्दा धेरै दुःखीदायी जीवन भोग्न बाध्य हुनुपर्ने परिपाटी अन्त्य हुनुपर्छ भन्ने उपन्यासकारको धारणा पाठकले बोध गर्दछ । यसबाट उपन्यासकार निम्नवर्गीय पक्षधरता अँगाल्दै आलोचनात्मक यथार्थवादको जगबाट प्रगातिवादको बाटोतर्फ अग्रसर भएको देखाइएको छ ।

**ग्रामीण किसानका जीवनदशा**

*एक चिहान* उपन्यासमा २०१०-११ सालतिरको काठमाडौँको समाज चित्रण गरिएको छ । कृषिमा निर्भर अष्टनारानको परिवार साहुको खेत कमाउने र अन्य ज्यालादारीका कामबाट परिवारको भरण-पोषण गरिआएको कुरा उपन्यासमा प्रस्तुत गरिएको छ । गरिबी, ऋण र चर्को ब्याजका कारण पुर्खादेखि कमाइआएको जग्गाको क्षेत्रफल क्रमशः घट्दै गएको तथ्य अष्टनारानबाट यसरी अभिव्यक्त गराइएको छ- “मलाई याद छ, बाजेको पालामा हाम्रो जम्मा १२ रोपनी खेत थियो । बाको पालामा ६ रोपनी भयो । मेरो पालामा ३ रोपनी हुन आइसक्यो । ऋण लिने काम गरेपछि त्यो पनि खत्तम हुन आउँछ (२८) ।” अष्टनारान बिरामी भएदेखि परिवारका सदस्यहरूले काम छोडेर आफ्नो सेवामा जुटेको देखेर चिन्तित हुँदै भनेका छन्- “शिवनारान, यतिका दिन भैसक्यो, खेतमा नगएर किन मलाई कुरिरहेको ? किसानको छोराले मरेका बाबुलाई समेत फ्याँकेर असारको पूजा गर्नुपर्छ । बाबु, असार बिग्र्यो भने किसानको एक वर्षको सौभाग्य बिग्रन्छ (१९) ।” यसबाट किसानहरूले कहिल्यै आराम गर्न पाउँदैनन्, भ्याउँदैनन् र आराम गर्ने साँच राख्नु पनि हुँदैन भन्ने मान्यतामा जोड दिइएको छ भन्ने प्रष्ट हुन्छ । यस कथनले गरिब किसानहरू आमा-बाबुको उपचार र स्याहार-सुसारमा समेत समय दिन असमर्थ हुनुपर्ने अवस्थामा छन् भन्ने तथ्य प्रस्तुत गरेको छ । यसै कारणले जीवनभर पसिना बगाउँदा पनि आर्थिक अवस्थामा सुधार गर्न नसकेका अष्टनारानजस्ता गरिब किसानहरू रोग-व्याधीले सताउन थालेपछि डाक्टर र औषधि होइन कालको प्रतिक्षा गर्छन् भन्ने कुरा अष्टनारानका माध्यमबाट देखाइएको छ ।

उपन्यासको अन्त्यतिर खेतमा धानभित्र हुर्किदै गरेको झार गोड्ने काममा सहयोग गरिरहेका शिवनारानका छोराछोरीका संवादबाट पनि ग्रामीण किसानको जीवनदशा बुझ्न सकिन्छ । यसपटकको वर्षाद् राम्रो भएकाले धान राम्रो फल्ने आशा गरिरहेको शिवनारानले धान स्यारेपछि सिनेमा हेर्ने कुरा गर्दा खुसी भएका छोराछोरी आफूहरू पनि सिनेमा हेर्न जाने कुरा गर्छन् भने छोराले राम्रोसँग खान नपाएको सन्दर्भ यसरी व्यक्त गरेको छ- “बा ! यसपालि धान काटेपछि हामीले सधैं दुई छाक भात खान पाउने छौं ? मलाई त कोदो, गहूँ, मकैको रोटी, उसिनेको आलु त खान मनै लागेन बा । दाल तर्कारी हालेर सुरुसुरु भत मात्रै खान मन लागिरहेछ (११६) ।” यसबाट धान फलाउने किसानको परिवार रातदिन पसिना बगाउँछ तर कहिल्यै मिठोमसिनो खान पाउँदैन, मनोरञ्जन त उनीहरूका लागि धेरै टाढाको कुरा हुन्छ भन्ने देखाइएको छ ।

नेपाली समाजमा मर्दा-पर्दा गरिने दानदक्षिणाका सन्दर्भमा समेत उपन्यासमा सुधारको आवश्यकता औँल्याइएको छ । समाजमा विद्यमान कुसंस्कार र अन्धविश्वासले समाजलाई पछाडि पारिरहेको तर्फ सचेत गराउँदै विरोधको स्वर प्रतिध्वनित गराइएको छ । आफ्नै मृत्यपछिका कार्यक्रमका सन्दर्भमा छोराहरूलाई सचेत गराउँदै अष्टनारानले भनेका छन्- “तिमीहरूले ऋण लिएर दानदक्षिणा र काजक्रिया गर्न थाल्यौ भने तल्सिङ र साहु तिर्दैको फजिती भई तिमीहरूका

पुस्तौंपुस्ता सन्तान-दरसन्तानले बाह्रै महिना आधा पेटको गुजारा पनि गर्न नसक्ने होलान् । यो कुराको तिमीहरूले सधैं राम्रो ध्यान राख्नू (२३) ।" यसबाट अष्टनारानको समाजप्रतिको दृष्टिकोण मात्र होइन उनीहरूको आर्थिक अवस्थाको यथार्थ चित्र पनि प्रस्तुत भएको छ । हाम्रो समाज परम्परा र संस्कृतिका नाममा देखावटी र अनावस्यक खर्च गर्ने परिपाटीलाई निरुत्साहित गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

साहु सुरमान सुब्बाको षड्यन्त्रको जालो बोकेर आएको रामबहादुर लतमायालाई कुराको जालझेलमा पारी थप ऋण बोकाएर देसी तानका विषयमा फसाउँन तत्पर हुन्छ । उसले नानीथकुँसँग सुब्बाको बिहे गराउने प्रपञ्च रचेर लतमायालाई जहाँ इच्छा त्यहाँ उपाय भन्दै फकाउन खोज्दा उनले यसरी प्रतिक्रिया दिएकी छन्- "त्यो पनि धनीहरूकै निम्ति हुन्छ, गरिबका लागि त घाउमाथि नुनचुक मात्र हो । धनीको जीवनमा इच्छाले सुखलाई निम्तो दिन्छ तर गरिबको जिन्दगीमा त्यही इच्छाले आँखामा आँसु बोलाउँछ । त्यसैले कुनै कुराको इच्छा पनि गर्न मैले छाडिसकें (३३) ।" यसरी गरिबका लागि कुनै कुराको इच्छा राख्नु पनि दुःख निम्त्याउनु हो भन्ने धारणा व्यक्त गर्नुले वृद्ध, अशिक्षित लतमायाका दृष्टिमा कतै आशाको घेरा नदेखिएका कारण नानीथकुँको बिहे सुरमानसँग गरिदिन पाए रामबहादुरले भनेजस्तै साहुको आडाभरोसा मिल्नसक्ने भित्री आशा पलाएको देखाइएको छ । त्यो पनि शिवनारानको असहमति र तीव्र विरोधका कारण सम्भव भएन र षड्यन्त्रको जालोमा पर्नबाट जोगिएको देखाइएको छ । यस सन्दर्भमा शिवनारानको कथन थियो- "पोहोर साल असार नराम्रो भएकाले बाली तिर्न नसक्ता कडिकडाउसाथ तकिता गर्दै सयकडा पच्चिसका दरले बढाई तमसुक लेखाएर लिने दानव आज एकाएक कसरी देवता भएर निस्क्यो ? अनि आमालाई भन्यो- "आमा, तपाईले मन्जुर नगर्नु पर्ने (४०)।" यसरी एकाएक उदारवादी व्यक्तिका रूपमा प्रस्तुत भएको सुरमान उपकारी व्यक्ति हुन नसक्ने अशङ्का व्यक्त गराइएको छ । यसबाट शोषक-सामन्तहरूले कसरी शोषणको जालो फिजाउँछन् भन्ने देखाइएको छ ।

शिवनारानका प्रतिवादका कारण डाक्टर गोदत्तप्रसाद र सुरमान सुब्बाका षड्यन्त्रबाट जोगिन पुगेकी नानीथकुँ र ज्यालादारी मजदुरी गरिरहेकी माइला तामाङकी छोरी पुतली अभिभावकहरूका निर्णयमा आफ्नो भविष्यको उज्यालो खोज्ने प्रयत्नमा रहेको देखाइएको छ । अन्तर्जातीय विवाहका माध्यमबाट नयाँ सम्बन्धमा जोडिएका यी गरिब परिवारका सदस्यहरूले भविष्यको उज्यालो गोरेटो भेट्दा नभेट्दै प्राकृतिक विपत्तिको सङ्केत उपन्यासमा देखाइएको छ । तीन दिनदेखि लगातार आएको वर्षाका कारण वातावरण बिग्रदै गएको, शिवनारानको परिवार खेतमा रहेको छाप्रामा आश्रय लिंदालिंदै बाढीले घेरिएको, बग्नै लागेको छाप्रोमा शिवनारान श्रीमती हाकुमाया र दुई छोराछोरीलाई अँगालो हालेर एकडल्लो भएर बसिरहेका बेला छाप्रो ढलेको, बाढीमा बग्दै मृत्युको मुखमा छटपटाउँदै गर्दा पनि उनले यसरी चिन्ता लिइरहेको देखाइएको छ- "घरमा रहेका मेरा भाइहरूलाई यसपालिको कुतसमेतको बोझ थपिने भयो (११८)।" यसबाट ग्रामीण गरिब किसानहरूलाई मृत्युको मुखमा पनि साहु, ऋण, ब्याज, कुत आदि विषयले पछ्याइरहेको हुन्छ । निम्नवर्गीय श्रमजीविहरू जीवनभर ऋणको भारले थिचिएका हुन्छन् र मृत्युको मुखमा पनि उनीहरूलाई ऋणले शान्तसँग मर्न दिंदैन भन्ने देखाइएको छ । यसरी उपन्यासकारले *एक चिहान* उपन्यासमा ग्रामीण किसानका जीवनदशाको चित्रण गर्ने क्रममा निम्नवर्गीय पक्षधरतालाई आत्मसात गरिरहेको पाइन्छ ।

**प्रेम, प्रणय र नारी-उत्पीडन सन्दर्भ**

*एक चिहान* उपन्यासमा राष्ट्रिय तथा सांस्कृतिक प्रेम, जातीय-वर्गीय प्रेम, पारिवारिक प्रेम, शारीरिक प्रेम जस्ता विविध प्रकृतिका प्रेमलाई समाविष्ट गरिएको पाइन्छ । अष्टनारानले आफ्नी श्रीमती, छोराछोरी र नातिनातिनाप्रति देखाएको प्रेम, शिवनारानले परिवारप्रति देखाएको प्रेम र दाजुभाइहरूका बिचमा भएको प्रेम यी सबै पारिवारिक प्रेमका रूपहरू हुन् । अष्टनारानको सिङ्गो परिवारका बिचमा आदर्शप्रेम झाँगिएको पाइन्छ । कसैप्रति रिस, राग र द्वेषको भावना पाइँदैन । सबैले आ-आफ्नो जिम्मेवारी निभाउन तल्लीन देखिन्छन् ।

*एक चिहान* उपन्यास राष्ट्रिय एकता र अखण्डताका निम्ति जातीय तथा क्षेत्रीय सद्भाव बढाउन आवश्यक भएको सन्देश दिने कृति हो । यसका लागि उपन्यासकार प्रधानले अन्तर्जातीय विवाहलाई मुख्य आधार देखाएका छन् । नेपाल बहुजातीय तथा बहुसांस्कृति देश भएकाले अनेक जातजातिको बसोबास र संस्कृतिको विकास भएको पाइन्छ । यी विभिन्न जातजाति र संस्कृतिका बीच उचित सम्बन्ध र मेलमिलाप कायम गर्नका लागि अन्तर्जातीय विवाह नै सर्वोत्तम उपाय हो । त्यसैले नेपाली समाजले अन्तर्जातीय विवाहलाई प्रोत्साहित गर्नु पर्छ भन्ने सन्देश उपन्यासबाट प्रवाहित गराइएको छ । यस उपन्यासमा हर्षनारानसँग पुतलीको र नानीथकुँसँग रामखेलावन राउतको विवाह गराइएको छ । यस्तो अन्तर्जातीय विवाहले फरक-फरक जाति र क्षेत्रका जनताका बिचमा सद्भावनाको विकास र विस्तार भई सामाजिक सद्भाव एकता अरु बलियो हुन्छ भन्ने देखाइएको छ । यसरी उपन्यासकारले राष्ट्रिय संस्कृतिका माध्यमबाट नेपालको राष्ट्रिय अखण्डताको रक्षा गर्न सकिन्छ भन्दै देशप्रेम र संस्कृतिप्रेमलाई एकसाथ प्रस्तुत गरेका छन् । त्यसैले यस उपन्यासलाई जातीय, वर्गीय तथा राष्ट्रिय प्रेमको नमुना कृति मान्न सकिने देखिएको हो । दुई फरकफरक जातजाति र क्षेत्रका जनताका बिचमा सुमधुर प्रेम स्थापित गर्नसके राष्ट्रिय संस्कृतिको निर्माण हुन जान्छ भन्ने उपन्यासकारको दृष्टिकोण रहेको छ ।

*एक चिहान* उपन्यासमा राष्ट्रिय समृद्धिका लागि अन्तर्जातीय विवाहसँगै श्रमको सम्मान गर्नुपर्ने संस्कृतिका विषयमा पनि जोड दिइएको छ । नेपाल कृषि प्रधान देश भएकाले यहाँ किसानहरू सम्मानित र समृद्ध हुनुपर्ने हो तर सदियौँदेखि नेपाली किसानहरू हेपिदै आएका छन् । किसानका पसिनाले नै मानिसहरूको पेट भरिन्छ, त्यसैले किसान अन्नदाता हुन्, त्यसैले किसानप्रति सम्मान आवश्यक छ भन्ने देखाइएको छ तर समाजमा त्यस्तो पाइँदैन । समाजमा किसानहरू भोकभोकै र अपमानित छन् । यस उपन्यासले श्रम गर्नेहरूप्रति सम्मानको भाव व्यक्त गरिएको छ । यसका निम्ति धन-दौलतका प्रभावमा नानीथकुँको यौवनसँग खेल्न खोजेको सुरमान सुब्बालाई सघाउन आएको रामबहादुरका अपमानजनक वचनहरूको प्रतिवाद गर्दै शिवनारानले भनेका कुराबाट वर्गीय प्रेम र किसानी पेशाप्रतिको प्रेम तथा महिमा अभिव्यक्त भएको छ । शिवनारानले रामबहादुरलाई मुख सम्हालेर बोल्न चेतावनी दिँदै किसानमाथि व्यङ्ग्य हानेर उपेक्षा नगर्न भनेका छन् । उनले एकपटकलाई क्षमा गरेको भन्दै किसान अरू थोक केही नभए तापनि सबैका अन्नदाता भएको र आफ्नो पसिना बगाएर समाज र देशलाई पाल्ने र रगत दिएर संसारलाई जिन्दगी दिइरहने एउटा त्यागी र तपस्वी जाति भएकाले पसिनाको परिश्रम र बलिदानको नातामा संसारमा सबैभन्दा ठूलो किसान भएकाले किसानलाई ईश्वर वा परमेश्वर जे माने पनि हुने तर्क गरेका छन् (९२-९३)। शिवनारानको यस कथनबाट किसानको महिमा, महत्त्व र गरिमा अभिव्यक्त भएको छ । उपन्यासकारले समाजमा किसानहरू उच्चवर्गबाट अपहेलित र अपमानित भइरहेकाले त्यसको प्रतिवाद गर्न र किसानको वर्गीय रक्षा गर्न आवश्यक भएको देखाइएको छ ।

*एक चिहान* उपन्यास प्रेमको संस्कृति मौलाएको कृति हो । यसमा विविध प्रकृतिका प्रेमको समायोजन गरिएको छ । यहाँनेर माओले प्रेममा पनि वर्गीय पक्षधरता हुन्छ भनेको विषय सान्दर्भिक हुन आउँछ । शिवनारानले प्रेमका सम्बन्धमा भाइहरूलाई सम्झाउँदै भनेका छन्-

> मलाई पनि थाहा छ युगको गति, स्वतन्त्रताको महत्त्व र मानवइच्छाको कुरा । तर म स्वतन्त्रताका नाउँमा जसले जोसँग जस्तो पनि प्रेम गरेर हिँडेको हेर्न चाहन्नँ । प्रेमको पनि महत्त्व हुन्छ, उसका निम्ति पनि फुक्का र बन्धनको लेखाजोखा, मापदण्ड हुन्छ, विधान हुन्छ, सुपात्र र कुपात्र हुन्छ । ती सब कुरालाई बाटोलाई, तबरलाई नाघेर हिँड्न सक्तैन, पाउँदैन । त्यसैले जीवनमा अभिभावकहरू हुनु बेसै छ, यो सौभाग्यको कुरा हो र अभिभावकहरूले यस कुराको ख्याल विचार राम्ररी पुऱ्याउनु पर्छ (८२-८३) ।

शिवनारानका यी कथनबाट प्रेममा स्वतन्त्रता र बन्धन दुबै आवश्यक भएको स्पष्ट पादै सुपात्र र कुपात्र छुट्याउनु पर्छ भन्ने तर्क गरिएको छ । सुपात्रसँग गरिएको प्रेम सामाजिक रूपमा वैध हुनसक्ने र कुपात्रसँग गरिएको प्रेम

अवैध हुने बताइएको छ । यसैगरी प्रेमका विषयमा सामाजिक तथा मानवीय मापदण्ड र विधान जस्ता कुराको ख्याल गर्न पनि सुझाइएको छ । यसको अर्थ हो- प्रेममा वर्गीय पक्षधरता मिल्नगयो भने प्रेम टिकाउ, दीर्घजीवि र मर्यादित हुन्छ भन्ने बुझाउन खोजिएको छ ।

*एक चिहान* उपन्यासमा अनमेल र अवाञ्छित प्रेम समाजमा स्वीकार्य हुँदैन भन्ने मान्यता पनि प्रस्तुत गरिएको छ । यसमा विवाहित तीन सन्तानको पिता डाक्टर गोदत्तप्रसाद र साहु सुरमान सुब्बाले अविवाहित सत्र वर्षे युवती नानीथकुँसँग कायम गर्न खोजेको प्रेम र विवाह प्रसङ्ग पारिवारिक तह खासगरी शिवनारानबाट अस्वीकृत भएका कारण असफल भएको छ । उपन्यासको मुख्य पात्र शिवनारानले प्रेमलाई सामाजिक रूपमा परिभाषित गरेका छन् । उनले मानिसलाई प्रेम गर्ने स्वतन्त्रता भए पनि जसले जोसँग पनि प्रेम गर्नु हुँदैन, प्रेमका निम्ति उमेर, पारिवारिक स्थिति र पात्रता मिल्नुपर्ने हुन्छ भने प्रेम गर्ने जोडी दुबै अविवाहित हुनुपर्ने, अविवाहित पुरुषले विवाहित महिलासँग वा अविवाहित महिलाले विवाहित पुरुषसँग प्रेम गर्नु प्रेम नभएर सामाजिक अपराध हुने भन्दै प्रेमले मन र परिवार जोड्नु पर्ने हुन्छ नभए त्यो प्रेम नभएर सरासर बेइमानी, चोरी वा डकैती हुने बताएका छन् (८२-८३) । यसरी प्रेम, प्रणय र यौनका सम्बन्धमा उपन्यासकारले प्रचलित परिपाटीका विरुद्ध नवीन सन्देश दिएका छन् । प्रेम, प्रणय र यौन धन, मन र तनको विषय नबनाएर यसलाई सामाजिक मर्यादा, पारिवारिक एकता र संस्कार तथा संस्कृतिको विषय बनाउनु पर्छ भन्ने मान्यता प्रस्तुत गरिएको छ ।

यस उपन्यासमा प्रयुक्त नारी पात्रहरूमध्ये आर्थिक रूपमा उच्चवर्गको देखिने पात्र रञ्जनादेवी मात्र हुन् । अन्य लतमाया, नानीथकुँ, हाकुमाया, पुतली, पुतलीकी आमा, पुन्चाकी श्रीमती, हाकुमायाकी छोरी, रोपाइँका सन्दर्भमा जुटेका महिलाहरू र हर्षनारानको बिहेमा दुलही हेर्न बाटोमा उभिएका महिलाहरू हुन् । दुलही पुतलीका विषयमा टिप्पणी गर्ने सन्दर्भबाहेक सबै पात्र सकारात्मक छन् । यी सबै पात्र निम्नवर्गीय छन् । विचार र व्यवहारका दृष्टिले रञ्जनादेवी नारीवर्गका दृष्टिले अनुकूल र उपयुक्त पात्रका रूपमा प्रस्तुत भएकी छन् । यसरी *एक चिहान* उपन्यासमा नारी पात्रको भूमिकामा उपन्यासकार सकारात्मक देखिएका छन् । उपन्यासमा नारीपात्रको भूमिका वर्गीय तथा सामाजिक-सांस्कृतिक हिसाबले नकारात्मक नदेखाई पितृसत्ता कठोर रहेको तत्कालीन परिवेशमा नारीवर्गप्रति देखाइएको उदारताभित्र उपन्यासकारमा रहेको प्रगतिशील चेतना र नारीवर्गप्रतिको सकारात्मक पक्षधरता हो भन्ने देखिन्छ । यसरी उपन्यासमा सामाजिक-सांस्कृतिक हिसाबले विसङ्गति-विकृतिका विरुद्ध नारीशक्तिलाई पनि साथमा लिएर हिडेको देखाइनुले सकारात्मक सन्देश प्रवाहित गरेको छ । यसरी उपन्यासले नारी उत्पीडनका विरुद्ध प्रेम-संस्कृतिको विकास गरी प्रगतिशील समाजनिर्माणका पक्षमा आफूलाई उभ्याएको छ ।

*एक चिहान* उपन्यासमा नेपाली समाज रूढिवादी संस्कृतिले ग्रस्त छ भन्ने देखाइएको छ । यसमा धर्म, संस्कार र परम्पराका नाममा गरिब किसान विरोधी संस्कृति मौलाएकाले समाजमा भोज-भतेर र दान-दक्षिणा गरी रवाफ देखाउन सके इज्यत बढ्छ भन्ने संस्कृति विकास भएको देखाइएको छ । त्यसैलाई संस्कृति मानिएको छ । यहाँ संस्कृतिका नाममा देखावटी रवाफ र तडक भडकको संस्कृतिले धनीमानी, शोषक-सामन्तलाई मात्र फाइदा पुगेको कुरा अष्टनारान जस्ता सचेत किसानहरूले बुझेको सङ्केत गरिएको छ । संस्कृतिका नाममा निम्नवर्ग जीवनभरि ऋणको भारी बोक्न बाध्य बनाएको देखाइएको छ । उपन्यासमा भड्किलो संस्कृतिले गरिबका जीवनमा पीडा र वेदना थपिदिने भएकाले यस्तो संस्कृतिको अन्त्य गरी नवीन संस्कृतिको निर्माण गर्नसके मात्र निम्नवर्गको भलो हुन्छ भन्ने दृष्टिकोण अष्टनारान र शिवनारानका माध्यमबाट प्रस्तुत गरिएको छ । उनीहरूबाट सरल र मितव्ययी संस्कृतिबाट नै समाजलाई सही किसिमले अगाडि बढाउन सकिने सन्देशका साथ नवीन संस्कृतिको निर्माणमा जोड दिइएको छ ।

नेपाली समाज पुरुषप्रधान रहिआएकाले लैङ्गिक कोणबाट हेर्दा नेपाली समाजमा नारीहरू शासित रूपमा रहेका

छन् । नेपालको वर्तमान संविधानबाट नारीहरूलाई जेजति अधिकार प्राप्त भएको छ, *एक बिहान* उपन्यासले चित्रण गरेको समाजमा त्यस्तो अवस्था पाइदैन । त्यसो भएर यस उपन्यासलाई नारी उत्पीडन र यौनशोषणका कोणबाट पनि विश्लेषण गर्न उपयुक्त हुन्छ भन्ने निष्कर्ष निकालिएको हो । यस उपन्यासमा एकातिर शोषक-सामन्त तथा टाठाबाठाहरूले नारीलाई खेलौनाका रूपमा प्रयोग गर्ने, धन-सम्पत्तिका आडमा नारीप्रति दुर्व्यवहार गर्न तम्सिने प्रवृत्ति रहेको देखाइएको छ भने निम्नवर्गीय पुरुषहरू वर्गीय प्रेममा आधारित श्रमपूर्ण जीवनशैली अँगाल्दै नारीप्रति संयमित र मर्यादित सम्बन्ध राखेको देखाइएको छ । तर पनि सामान्य रूपमा नारीहरू पुरुषको अधिनमा बाँच्नु परेका यथार्थलाई उपन्यसमा प्रस्तुत गरिएको छ । अष्टनारानले उपन्यासको प्रारम्भमा छोराहरूलाई सम्झाउने क्रममा भनेको यस कथनलाई हेरौँ- “बाबु हो, तिमीहरूकी आमा यो बुढिया र एक्ली बहिनीलाई अन्यथा नगर । जस्तै दुःख सहेर पनि यी अबलालाई खुवाइराख । यिनीहरूका आँखामा कहिल्यै आँसु हेर्ने काम नगर (५)।” यसले नारीलाई तत्कालीन नेपाली समाजले अबला र असहायका रूपमा हेर्ने गरेको प्रष्ट हुन्छ। नारीप्रति पुरुषको कृपा रहेन भने जीवनयापन कठिन छ भन्ने तथ्य यसले उजागर गरेको छ । यसैगरी अष्टनारानको मृत्युपछि घरको हर्ताकर्ता निर्णायक शिवनारान हुनु र उसको निर्देशनमा आमा लतमाया पनि चल्नपरेको देखाएर पुरुषप्रधानता र अधिनस्थताको प्रमाण प्रमाण प्रस्तुत गरिएको छ। नानीथकुँ र डाक्टरका सम्बन्धलाई लिएर घरमा विवाद हुँदैगर्दा नानीथकुँलाई गाली गरिरहेका शिवनारानलाई हाकुमायाले रोक्न खोज्दा आवेशमा आएर झर्किंदैं भन्छ- “तिमी चुप लाग । तिमीलाई बोल्न केही सरोकार छैन । .....चुप लाग, एक शब्द नबोल, म जाइटिङ्ग्रे होइन कि जे पनि तिमीले भनेको मानिरहूँ । मफेरि भन्छु, फेरि एक शब्द नबोल (५९) ।” शिवनारानका यसप्रकारका कथनले समग्र नारीहरू पितृसत्तात्मक समाजको शोषण- उत्पीडनमा पिल्सिएको यथार्थतालाई प्रस्तुत गरिएको छ ।

*एक बिहान* उपन्यासको डाक्टर गोदत्तप्रसादकी श्रीमती रञ्जनादेवीलाई भने बदलिंदो आशाका रूपमा प्रस्तुत भएको देखाइएको छ । डाक्टर पति नानीथकुँसँग लहसिएपछि रञ्जनादेवीले हँकारेको देखाइएको छ । उनले टाउको फोरेर कमाइराखेको इज्जत पानी भएर नपोखियोस् भन्ने चेतावनी दिंदै (६७) नानीथकुँ जिस्किन आएकाले मात्र आफू जिस्किएको भन्ने गोदत्तका जवाफको प्रतिवाद गर्दै त्यसो भए कुनै पुरुष आफूसँग ठट्टा गर्न कुत्कुत्याएमा बहादुर भएर अगाडि बढ्ने हो त भनी प्रतिप्रश्न गरेर निशब्द तुल्याएको देखाइएको छ (७०)। उनले नानीथकुँलाई नारीको महफ्व र जिम्मेवारीको बोध गराउँदै स्वास्नीमान्छेले आफ्नो जीवन भोगका निम्ति अर्पनु हुँदैन, नारीहरू लोग्नेमानिसको भोगका निम्ति जन्मेका वा सिर्जेका जीव नभएको हुनाले नारीलाई प्रकृतिले दिएका विशेषता वा गुणको रक्षा गर्दै (७२) हरेक स्वास्नीमान्छेले दुनियाँभरका प्राणी अथवा मानिस मात्रको हित गर्न नसके पनि कमसेकम स्वास्नीमान्छेको इज्जत र गौरवको मात्र ख्याल राख्न सके ुनियाँमा दुःखको घटेर मानिसका बस्तीभित्र र सडकमा सुख हाँसेको देख्न पाइन्छ (७३) भनेर आफ्नो कर्तव्य पथलाई नभुल्न सचेत गराइएको छ । उनले सभ्यताको मापदण्ड भौतिक उन्नति मात्र हुँदैन, चरित्रको उन्नति नै चरम सीमा भएकाले नारीको चरित्र हाँस्न पाएको ठाउँमा पुरुषको आत्माले नाच्न पाउँने, त्यस्ता ठाउँमा नै हौसला फुल्ने, फुर्ती मुस्कुराउने र अभिमान बाँचिरहने हुन्छ (७३) भनेर सम्पूर्ण नारीवर्गलाई सत्मार्गमा हिड्न जरुरी भएको सन्देश दिइएको छ ।

समग्रमा *एक बिहान* उपन्यासमा अष्टनारानको सिङ्गो परिवारका बिचमा झाँगिएको आदर्शप्रेम प्रस्तुत गरिएको यस उपन्यासमा कसैप्रति रिस, राग र द्वेषको भावना नराखी सबैले आ-आफ्नो जिम्मेवारी निभाउन तल्लीन भएको देखाइएको छ । उपन्यासकारले राष्ट्रिय संस्कृतिका माध्यमबाट नेपालको राष्ट्रिय अखण्डताको रक्षा गर्न सकिन्छ भन्दै देशप्रेम र संस्कृतिप्रेमलाई एकसाथ प्रस्तुत गरी वर्गीय तथा राष्ट्रिय प्रेमको नमुनाका रूपमा प्रस्तुत गरिएको छ । यस उपन्यासबाट किसानको महिमा, महफ्व र गरिमा अभिव्यक्त भएको छ। उपन्यासकारले समाजमा किसानहरू उच्चवर्गबाट अपहेलित र अपमानित भइरहेकाले त्यसको प्रतिवाद गर्न र वर्गीय रक्षा गर्न आवश्यक भएको देखाइएको छ ।

उपन्यासमा पात्रका कार्यव्यापारबाट प्रेमका विषयमा सामाजिक तथा मानवीय मापदण्ड र विधानको ख्याल गर्न सुझाइएको छ। यसबाट प्रेममा वर्गीय पक्षधरता मिल्नगयो भने प्रेम टिकाउ, दीर्घजीवि र मर्यादित हुन्छ भन्ने बुझाउन खोजिएको छ । यस उपन्यासमा प्रेम, प्रणय र यौनका सम्बन्धमा उपन्यासकारले प्रचलित परिपाटीका विरुद्ध नवीन सन्देश दिइएको छ । प्रेम, प्रणय र यौन धन, मन र तनको विषय नबनाएर यसलाई सामाजिक मर्यादा, पारिवारिक एकता र संस्कार तथा संस्कृतिको विषय बनाउनु पर्छ भन्ने सन्देश प्रस्तुत गरिएको छ । यसरी उपन्यासमा सामाजिक-सांस्कृतिक हिसाबले विसङ्गति-विकृतिका विरुद्ध नारीशक्तिलाई साथमा लिएर हिडेको देखाई सकारात्मक सन्देश प्रवाहित गराइएको छ। यसरी उपन्यासले नारी उत्पीडनका विरुद्ध प्रेम-संस्कृतिको विकास गरी प्रगतिशील समाजनिर्माणका पक्षमा आफूलाई उभ्याएको छ। उपन्यासमा भड्किलो संस्कृतिले गरिबका जीवनमा पीडा र वेदना थपिदिने भएकाले यस्तो संस्कृतिको अन्त्य गरी नवीन संस्कृतिको निर्माण गरी निम्नवर्गको भलो हुने कार्य गर्नुपर्छ भन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । उनीहरूबाट सरल र मितव्ययी संस्कृतिबाट नै समाजलाई सही किसिमले अगाडि बढाउन सकिने सन्देशका साथ नवीन संस्कृतिको निर्माणमा जोड दिइएको छ। यसप्रकारका सन्दर्भहरूले समग्र नारीहरू पितृसत्तात्मक समाजको शोषण-उत्पीडनमा पिल्सिएको यथार्थतालाई प्रस्तुत गरिएको छ भने रञ्जनादेवी जस्ता पात्रका माध्यमबाट नारीवादी प्रगतिशील चेतना अभिव्यक्त गराइएको छ।

## निष्कर्ष

हृदयचन्द्रसिंह प्रधान नेपाली उपन्यासयात्रामा आधुनिककालको सामाजिक यथार्थवादी धाराभित्रबाट आलोचनात्मक यथार्थवादका प्रवृत्तिहरू अँगाल्दै प्रगतिवादतर्फ उन्मुख भएका उपन्यासकार हुन् । उनले दोस्रो औपन्यासिक कृतिका रूपमा लेखेको *एक चिहान* (२०१७) उपन्यासले प्रगतिवादी यात्रालाई अगाडि बढाउन योगदान दिएको पाइन्छ । यो उपन्यास निम्नवर्गीय पात्रलाई केन्द्रीय चरित्र बनाएर ग्रामीण किसानका समस्यामा आधारित भएर लेखिएको औपन्यासिक कृति हो । यस कृतिलाई प्रगतिवादी साहित्यिकमान्यताका आधारमा वर्गीइ पक्षधरताको अध्ययनको रिक्तता परिपूर्तिका निम्ति यो आलेख तयार गरिएको छ । *एक चिहान* उपन्यास लेखनका पृष्ठभूमिका रूपमा तत्कालीन राजनीतिक तथा सामाजिक-सांस्कृतिक जनजीवन आएको छ। तत्कालीन नेपाली समाज जहानीया निरङ्कुश राणाशासनका उत्पीडनबाट भर्खर मुक्त भएको अवस्था, नेपाल कम्युनिस्ट पार्टीको स्थापना र देशका विभिन्न भागमा भएका किसान सङ्घर्षका प्रभावको रापताप र *स्वास्नी मान्छे* उपन्यास लेखिसकेको अनुभवका पृष्ठभूमिबाट *एक चिहान* उपन्यास लेखिएको छ। यस उपन्यासमा ग्रामीण किसानका जीवनदशाको यथार्थ चित्र प्रस्तुत गर्दै तत्कालीन नेपाली समाजको सामाजिक-आर्थिक शोषण तथा नारी उत्पीडनको सजीव चित्रण गरिएको छ। यो उपन्यास आलोचनात्मक तथा विद्रोहात्मक कार्यव्यापारका माध्यमबाट राष्ट्रिय सांस्कृतिको निर्माण र अन्तर्जातीय सम्बन्धका माध्यमबाट राष्ट्रिय अखण्डताको संरक्षण गर्ने नवीन अवधारणा प्रस्तुत गरी लेखिएको छ। त्यसैले *एक चिहान* उपन्यासले प्रगतिवादी औपन्यासिक धाराको जगलाई बलियो बनाउने कार्यमा महफ्पूर्ण योगदान पुर्‍याएको छ।

*एक चिहान* उपन्यासले तत्कालीन नेपाली सामाजिक जनजीवनको चित्रण गर्ने क्रममा ग्रामीण किसानले भोग्न बाध्य भएका शोषण, दमन, अन्याय-अत्याचार र तिनका विरुद्धका प्रतिवादात्मक गतिविधि सजीव चित्रण गरिएको छ । तत्कालीन काठमाडौँको ग्रामीण परिवेशलाई मुख्य आधार बनाइएको यस उपन्यासमा निम्नवर्गीय प्रतिनिधि चरित्रका रूपमा किसानहरूलाई र उच्चवर्गीय प्रतिनिधि चरित्रका रूपमा शोषक-सामन्त तथा चरित्रहीन वौद्रिक पात्रलाई लिइएको छ। यसरी उपन्यासमा सामाजिक आधारको प्रभावका रूपमा देखिने वर्गीय उपस्थिति र लेखक स्वयम् उक्त वर्गीय समाजको सदस्य भएकाले कृतिमा वर्गीय पक्षधरता आउनु स्वाभाविक छ। यसर्थ यस उपन्यासमा अभिव्यक्त वर्गीय पक्षधरताको वश्लेषणका लागि प्रगतिवादी साहित्यसिद्धान्तलाई अध्ययनको सैद्धान्तिक आधार बनाइएको छ।

*एक बिहान* उपन्यासमा तत्कालीन नेपाली समाजको पुरातन विकृत संस्कृतिका विरुद्ध नयाँ संस्कृतिको उद्घोष गरिएको छ । समाज देखावटी संस्कृतिको शिकार भइरहेकाले मितव्ययी संस्कृतिका पक्षमा आवाज उठाइएको छ। भड्किलो संस्कृतिले गरीखाने गरिब किसानवर्गलाई झन गरिबीको खाडलमा पार्ने भएकाले संस्कृतिमा सरलीकरणको आवश्यकता औँल्याइएको छ ।

*एक बिहान* उपन्यासले नेपाली समाजमा विद्यमान रहेको आर्थिक-सामाजिक असमानताको चित्रण गर्दै उच्चवर्गले निम्नवर्गलाई अनेक तरहले हेप्ने, सहयोगको बाहानामा आफ्नो स्वार्थ पूरा गर्न तल्लीन रहने प्रवृत्तिका कारण निम्नवर्गीय जनता झनझन समस्यामा फस्दै गएको यथार्थता देखाइएको छ । उपन्यासबाट समाजमा उच्चवर्गबाट निम्नवर्गमाथि गरिएका विभेदजन्य व्यवहारले समाजमा सङ्घर्षको वातावरण बन्दै गएको, निम्नवर्गीय कृषि-मजदुरले मानवीय स्वाभिमान र अस्तित्वको रक्षाका लागि शोषण-दमनका विरुद्ध सङ्घर्ष गर्दै सामाजिक न्याय र समानताका लागि लड्नुपर्ने सन्देश प्रवाहित भएको छ । यसबाट उपन्यासकार निम्नवर्गीय पक्षधरता अँगाल्दै आलोचनात्मक यथार्थवादको जगबाट प्रगातिवादको बाटोतर्फ अग्रसर भएको देखाइएको छ ।

समग्रमा *एक बिहान* उपन्यासमा परिवारिक आदर्शप्रेम प्रस्तुत गरिएको छ । उपन्यासकारले राष्ट्रिय संस्कृतिका माध्यमबाट नेपालको राष्ट्रिय अखण्डताको रक्षा गर्न सकिन्छ भने देशप्रेम र संस्कृतिप्रेमलाई एकसाथ प्रस्तुत गरी वर्गीय तथा राष्ट्रिय प्रेमको नमुनाका रूपमा प्रस्तुत गरिएको छ । यस उपन्यासबाट किसानको महिमा, महफ्व र गरिमासँगै किसानहरू उच्चवर्गबाट भएका अपहेलना र अपमानको प्रतिवाद गर्न र वर्गीय रक्षामा लाग्न सन्देश दिइएको छ । उपन्यासमा सामाजिक मर्यादा, पारिवारिक एकता र नवीन संस्कृतिको विकास नै समाजको आवश्यकता हो भन्ने सन्देश प्रस्तुत गरिएको छ । नारीवर्ग पितृसत्तात्मक समाजको शोषण उत्पीडनमा पिल्सिएको यथार्थतालाई प्रस्तुत गर्दै नारीवादी प्रगतिशील चेतना पनि मुखरित भएको छ । साथै, उपन्यासमा नारी-उत्पीडनका विरुद्ध प्रेम-संस्कृतिको विकास गरी प्रगतिशील समाजनिर्माणका पक्षमा आफूलाई उभ्याउँदै नवीन संस्कृतिको निर्माण गरी निम्नवर्गको कल्याण गर्नुपर्ने अवधारणा प्रस्तुत गरिएको छ ।

## सन्दर्भसामग्री सूची


अधिकारी, धर्मराज (२०६९), "प्रगतिवादी नेपाली साहित्यको परम्परा", *भृकुटी* (प्रगतिवादी विशेषाङ्क). काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स, पृ.२०८-२१९ ।

खनाल, अजित (२०८०), "प्रगतिवादी नेपाली नाटकमा वर्गद्वन्द्व", विद्यावारिधि शोधप्रबन्ध, त्रिवि., कीर्तिपुर । चापागाई, निनु (सम्पा.), (२०६७), *मार्क्सवादी साहित्यचिन्तन,* ललितपुर : साझा प्रकाशन ।

चैतन्य (२०६९), *मार्क्सवादी सौन्दर्यचिन्तन,* ललितपुर : साझा प्रकाशन ।

दाहाल, मोहनप्रसाद (२०५५), 'उपन्यास', *नेपाली साहित्यकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, पृ.१३८-५८ ।

पाण्डेय, ताराकान्त (२०५६), *प्रगतिवाद र कविता.* काठमाडौं : शिला योगी ।

फास्ट, हावर्ड (२०५६), *साहित्य र यथार्थ.* अनु. जगदीशचन्द्र भण्डारी र संजीवदास श्रेष्ठ, काठमाडौं : जन साहित्य प्रकाशन केन्द्र ।

बराल, ईश्वर (सम्पा.), (२०५३), *झ्यालबाट* (छैठौं सं.), काठमाडौं : साझा प्रकाशन। बराल, ऋषिराज (२०६४), *साहित्य र समाज,* काठमाडौं : साझाप्रकाशन ।

माओ, त्से तुङ (२०४१), "येनान गाष्ठीमा साहित्य र कलाबारे प्रवचन", *चुनिएका रचनाहरू, (भाग- ३),* काठमाडौं : निरञ्जन गोविन्द वैद्य ।

मार्क्स र एङ्गेल्स, साहित्य र कला (२०६३), अनु. राजेन्द्र मास्के र सूर्यप्रकाश पौडेल, काठमाडौं : विवेक सिर्जनशील

प्रकाशन ।

श्रेष्ठ, दयाराम सम्भव र शर्मा, मोहनराज (२०४०), *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* ललितपुर : साझा प्रकाशन ।

ज्ञवाली, रामप्रसाद (२०७१), “साहित्यमा वर्गीयता र वर्गद्वन्द्वको अभिव्यक्ति-प्रक्रिया.” *जुगल सैद्धान्तिक नेपाली समालोचना,* काठमाडौं : जुगल पब्लिकेसन, पृ. ३५८-३७६।